# विशेष अदालत


काठमाडौं

(प्रशासन शाखा)

बबरमहल
फोन नं. ४२४२६३६
४२४१३७४
फ्याक्स: ४२१६६५१
E-Mail: info.special@supremecourt.gov.np


प. सं. : ०७८।७९
च.नं. :

## दोभाषे सेवाको प्रयोग सम्बन्धी विशेष अदालत काठमाडौंबाट जारी सूचना !

यस अदालतबाट सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीका लागि न्यायमा समान पहुँच पुर्याई दोभाषेमार्फत सम्बन्धित सेवाग्राहीको मातृभाषालाई नेपाली भाषामा र नेपाली भाषालाई मातृभाषामा उल्था गरी सेवा प्रदान गर्ने प्रयोजनार्थ सर्वोच्च अदालतबाट जारी अदालतको काम कारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ४ बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरूबाट देहायबमोजिमको भाषाको सूचीमा नाम सूचीकृत गराउने प्रयोजनार्थ दरखास्त दिनुहुन मिति २०७९।०१।१३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

**क) आवश्यक योग्यता:**

- मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न र बोल्न जान्ने।
- सरकारी कामकाजको भाषा राम्रोसँग बोल्न र लेख्न जान्ने।

**ख) उल्था गर्नुपर्ने भाषा:**

- अङ्ग्रेजी, मैथली, भोजपुरी, नेवारी, थारु, हिन्दी र साङ्केतिक भाषासमेत

**ग) निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्र
- शैक्षिक योग्यताको प्रमाणपत्र
- सम्बन्धित भाषासम्बन्धी जानकारी भएको वा तालिम भए सो समेतका खुल्ने कागजात
- ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो

**घ) दोभाषेको पारिश्रमिक:**

- तोकिएबमोजिम हुने ।

**ङ) दरखास्त दिने अवधि:**

- सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र।

**च) अन्य आवश्यक जानकारीका लागि:**

सम्पर्क नं. ०१-५३२१७६६ (प्रशासन शाखा)

**छ) निवेदनको ढाँचा:**

अदालतको काम कारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ५(१) सँग सम्बन्धित निवेदनको ढाँचा

| क्र.सं. | दोभाषेको नाम | दोभाषेको ठेगाना | परिचयपत्र नं. | सूचीकृत भएको मिति | उल्था गर्ने भाषा | सम्पर्क नं./ इमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**विशेष अदालतको** website **मा रहेको** PDF Format **लाई** Download **गर्न सकिनेछ।**

..................
दस्तखत

मिति: २०७९।०१।१३

यज्ञराज ठेमी
शाखा अधिकृत

## निवेदनको ढाँचा

अदालतको काम कारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२

को दफा ५(१)

सँग सम्बन्धित निवेदनको ढाँचा

| क्र.सं. | दोभाषेको नाम | दोभाषेको ठेगाना | परिचयपत्र नं. | सूचीकृत भएको मिति | उल्था गर्ने भाषा | सम्पर्क नं./ इमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |

..................

दस्तखत